पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास,धनकुटा

२०७३

१ नं. प्रदेश,नेपाल

पाख्रीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३

प.सं:-२०७८/०७९ मिति:२०७८/०८/१६

च.नं.

## विषयः- सूचना ! सूचना!! सूचना!!! ।

पाख्रीबास नगरपालिकाको बजार क्षेत्रबाट फोहोरमैला दैनिक रुपमा निस्कने र त्यसलाई नगरपालिकाको तर्फबाट निःशुल्क रुपमा व्यवस्थापन भई रहेको सबैमा बिदितै छ । फोहोरमैला व्यवस्थापनको क्रममा पाख्रीबास नगरपालिकाले आफ्नै सवारीबाट साप्ताहिक रुपमा बजार क्षेत्रका प्रत्येक घरहरुबाट निस्किएको फोहोरलाई व्यवस्थापन गरी फोहोरमैला व्यवस्थापन केन्द्रमा लगि विसर्जन गरिरहेकोमा फोहोरमैला उत्सर्जन हुँदा कुहिने फोहोर, नकुहिने फोहोर र सिसाहरु समेत एकै ठाउँमा राखि उठाउँदै आउँदा सिसाका कारणले नगरपालिकाको फोहोर उठाउने सवारी बिग्रने गरेको र सवारी बिग्रिएको अवस्थामा साप्ताहिक रुपमा फोहोरमैला विसर्जनमा समस्या आउने गरेकोले अब उप्रान्त प्रत्येक घरहरुबाट उत्सर्जन हुने सिसाहरु नगरपालिकाले तोकेको समयमा मात्र उठाइने भएकोले सोहि अनुसार सिसाजन्य फोहोर र अन्य फोहोर छुट्टाछुट्टै राखिदिनुहुन र नगरपालिकाको सवारी आएको बखत मात्र फोहोरमैला बाहिर निकालीदिनुहुन अनुरोध छ । सिसाजन्य फोहोर र अन्य फोहोर एकैठाउँमा राखेको पाईएमा प्रचलित नियमानुसार कारवाही हुने ब्यहोरा यसै सूचना द्वारा बजारबासी सम्पूर्ण आदरणीय महानुभावहरुमा जानकारीका लागि अनुरोध छ ।

८।१६

..............................

(डिकबहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत
उप सचिव

प्रमुख प्रशासकीय अधिकृत

"पाख्रीबासको दृष्टः शिक्षा,स्वास्थ्य,पर्यटन र कृषि"

फोन नं.: ०२६-४०५१६५,

वेबसाइट:www.pakhribasmun.gov.npईमेल:pakhribas.nagarpalika@gmail.com